आकाशवाणी समाचार– नेपाली

मितिः 02 जनवरी 2026

समयः 07.25 – 07: 35 बजे (*अवधिः 10 मिनट*)

<u>प्रमुख समाचार</u>

· प्रधानमंत्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीको राय पिथौरा सांस्कृतिक परिसरमा भगवान बुद्धसित संबंधित पावन पिपरहवा अवशेषहरुको भव्य अंतर्राष्ट्रीय प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ।

· प्रधाrनमंत्री नरेंद्र मोदीको सुशासन अनि समयमा कार्यान्वयनका लागि गठित सूचना अनि संचार प्रौद्योगिकी आधारित प्रमुख मंच-प्रगति ले आफ्नो ५० औ बैठकको सफल आयोजनको साथ एक महत्वपूर्ण उपलब्धि हासिल गरेको छ।

· देशको पहिलो बन्दे भारत स्लिपर ट्रेन गुवाहाटी र कलकत्ता बीच गुढ्ने भएको छ। यो घोषणा हिजो रेलमन्त्री अश्विनी बैष्णवले गर्नु भयो।

· स्विट्जरल्यान्डको वालिस क्यान्टनको क्रान्स–मोन्टाना स्की रिसोर्टमा नयाँ वर्षको पूर्वसन्ध्यामा भएको विस्फोटमा परी ४० जनाको मृत्यु हुनुका साथै ११५ जना घाइते भएका छन ।

· मौसम विभागले आज दिल्ली, पञ्जाब, हरियाणा, चण्डीगढ, उडिसा र राजस्थानमा बाक्लो कुहिरोको लागि ओरेन्ज अलर्ट जारी गरेको छ ।

## <u>उपराष्ट्रपति - तमिलनाडु दौरा</u>

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आजदेखि दुइ दिनको तमिलनाडु भ्रमणमा हुनुहुन्छ। उहाँ चेन्नई अनि वेल्लोरमा धेरै कार्यक्रमहरुमा भाग लिनु हुनेछ।

## <u>पीएम - अवशेष</u>

प्रधानमंत्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीको **राय पिथौरा सांस्कृतिक परिसरमा** भगवान बुद्धसित संबंधित पावन **पिपरहवा** अवशेषहरुको भव्य अंतर्राष्ट्रीय प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ। यस प्रदर्शनीमा पहिलो चोटी पिपरहवासित संबंधित अवशेष अनि पुरातात्विक सामग्री एक साथ प्रदर्शित गरिने छ। एक शताप्दी भन्दा अधक समय पछि पिपरहवाबाट ल्याइएको यी अवशेष नयाँ दिल्लीको राष्ट्रीय संग्रहालय अनि कोलकाताको भारतीय संग्रहालयमा संरक्षित राखिएको छ।

प्रधानमंत्री कार्यालयले बताए अनुसार **वर्ष 1898** मा पिपरहवा अवशेषहरुको पत्तो लागेको थियो। प्रारंभिक बौद्ध धर्मको पुरातात्विक अध्ययनमा भगवान बुद्धसित सिधा संबंधित यी अवशेषहरुको महत्वपूर्ण स्थान छ। पिपरहवा स्थलसित जोडिएको पुरातात्विक प्रमाणले यसलाई प्राचीन कपिलवस्तुसित जोडेको छ, जहां भगवान बुद्धले आफ्नो प्रारंभिक जीवन बिताउनु भएको थियो।

## <u>प्रगति - विशेष रिपोर्ट</u>

प्रधानमंत्री नरेंद्र मोदीको सुशासन अनि समयमा कार्यान्वयनका लागि गठित सूचना अनि संचार प्रौद्योगिकी आधारित प्रमुख मंच-**प्रगति** ले आफ्नो ५० औ बैठकको सफल आयोजनको साथ एक महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। श्री मोदीले 2015 मा यसको शुभारंभ गर्नभयो। प्रगतिले प्रधानमंत्रीको सिधा समीक्षाको माध्यमले प्रमुख अवसंरचना परियोजनाहरु अनि जन गुनासोहरुको वास्तविक समयमा निगरानी तथा समाधानलाई सक्षम बनाएर शासन व्यवस्थामा क्रांति ल्यएको छ। यो मंच सहकारी संघवादको एक आदर्श उदाहरण हो। जसले केंद्र, राज्यहरु अनि केंद्रीय मंत्रालयहरुलाई एक डिजिटल

इंटरफेसमा एक साथ ल्यउने काम गर्दछ। एक दशक भन्दा अधिक समयमा, प्रगतिले निर्णय लिने प्रक्रियालाई तेज गर्ने, प्रमुख अवसंरचना परियोजनाहरुमा ढिलाईका कारणहरु समाधान गर्ने अनि जवाबदेहीताको एक मजबूत संस्कृतिलाई बढ़ावा दिनमा सहायता गरेको छ। यो केवल निगरानी मात्रै होइन, तर शासन सुधारका लागि पनि एक मंचको रूपमा उदय भएको छ। आज यस विशेष श्रृंखलामा, हामी बैराबी-सैरांग रेलवे लाइन बारे जान्ने छौ, जसलाई पहिलो चोटी राष्ट्रीय रेलवे नेटवर्कसित जोडिएको छ।

**वैष्णव - बुलेट ट्रेन**

देशको पहिलो बन्दे भारत स्लिपर ट्रेन गुवाहाटी र कलकत्ता बीच गुढ्ने भएको छ। यो घोषणा हिजो रेलमन्त्री अश्विनी बैष्णवले गर्नु भयो। यो ट्रेन यसै जनवरी महिनाको 15 देखि 20 तारीख बीच शुरु हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले यसलाई हरियो झण्डा देखाउनु हुनेछ। धेरै समयदेखि बन्दे भारत स्लिपर एसी ट्रेनहरुको देशले प्रतिक्षा गरिरहेको थियो, जो अब साकर हुने भएको छ। बन्दे भारत स्लिपर ट्रेनहरु केवल सानो दुरी अर्थात आठ देखि दश घण्टाको दुरी बीच मात्रै चलीरहेको थियो। रेलमन्त्री अश्विनी बैष्णवले यो बन्दे भारत स्लिपर ए सी मो ट्रायल पुरा भइसकेको पनि बताउनु भयो।

-

**<u>सरकार - एलपीजी</u>**

पेट्रोलियम अनि प्राकृतिक गैस मंत्रालयले स्पष्ट गरेको छ, घरेलू उपभोक्ताहरुका लागी घरेलु गैसको मूल्यमा कुनै बदलाव गरिएको छैन। व्यावसायिक एलपीजी सिलेंडरहरुको मूल्यमा एक सय ११ रुपियाँको वृद्धि संबंधी मीडियाको खबरपछि यो स्पष्टीकरण आएको छ । मंत्रालयले भनेको छ व्यावसायिक एलपीजी सिलेंडरहरुको मूल्य बाज़ारले तय गर्दछ अनि यो अंतरराष्ट्रीय बेंचमार्कसित सम्बन्धित छ।

दिल्लीमा गैर-प्रधानमंत्री उज्ज्वला योजना घरेलू उपभोक्ताहरुला लागि नौ सय 50 रुपियाँ मूल्यको एलपीजी सिलेंडर आठ सय 53 रुपियाँ अनि प्रधानमंत्री उज्ज्वला योजनाका लाभार्थिहरुका लागि पांच सय 53 रुपियाँमा उपलब्ध छ। यसले प्रधानमंत्री उज्ज्वला योजना उपभोक्ताहरुका लागि प्रभावी मूल्यमा लगभग 39 प्रतिशतको कमीलाई दर्शाएको छ, जो अगस्त 2023 मा नौ सय तीनरुपियाँबाट घटेर नवंबर 2025 मा पांच सय 53 रुपियाँ भएको छ।

**निरसन तथा संशोधन अधिनियम**

निरसन तथा संशोधन अधिनियम, 2025 संसदको शीतकालीन सत्रमा पारित गरिएको थियो। यस अधिनियमको उद्देश्य अप्रचलित अनि अनावश्यक कानूनहरुलाई निरस्त गर्न अनि केहि चुनिएका हालको कानूनहरुमा लक्षित संशोधन गर्ने देशको कानूनी ढांचालाई सरल बनाउन हो।

यस अधिनियम अंतर्गत वर्ष 1886 देखि 2023 सम्मका 71 अप्रचलित अधिनियमहरुलाई निरस्त गरियो जो अब अप्रासंगिक थियो। सिविल प्रक्रिया संहिता, सामान्य खंड अधिनियम, उत्तराधिकार अधिनियम अनि आपदा प्रबंधन अधिनियम सहित चार प्रमुख कानूनहरुलाई पनि यस अधिनियम अंतर्गत संशोधित गरियो, ताकि कानूनलाई अधिक स्पष्ट अनि वर्तमान प्रशासन अनुरूप बनाउन सकियो

यस बाहेक, अधिनियमको बचत धारा यो सुनिश्चित गर्दछ कि निरसनले कुनै पनि अर्जित अधिकार, दायित्व, कार्यवाही या दायित्वमा कुनै प्रभाव न परोस । संक्षेप्तमा, यो

अधिनियमले शासनलाई सुगम बनाउद छ अनि यो सुनिश्चित गर्दछ कि देशको कानूनी वातावरण आधुनिक अर्थव्यवस्थाको आवश्यकताहरु अनुरूप विकसित होस।

-

-

-

**स्विट्ज़रलैंड - बार विस्फोट**

स्विट्जरल्यान्डको वालिस क्यान्टनको क्रान्स–मोन्टाना स्की रिसोर्टमा नयाँ वर्षको पूर्वसन्ध्यामा भएको विस्फोटमा परी ४० जनाको मृत्यु हुनुका साथै ११५ जना घाइते भएका छन्। गम्भीर घाइतेहरूलाई सियोन र अन्य शहरका अस्पतालमा लगिएको छ भने उद्धारकर्ता, हेलिकप्टर र एम्बुलेन्सहरू घटनास्थलमा पुगेका छन्। वालिस क्यान्टनका पुलिस कमान्डर फ्रेडरिक गिस्लरले पीडितहरूको पहिचान भइरहेको र उनीहरूका परिवारलाई सूचित गरिएको बताए। अधिकारीहरूले यसको कारणबारे अनुसन्धान गरिरहेका छन् तर हमलाको सम्भावनालाई अस्वीकार गरेका छन्। स्वीट्जरल्याण्डका राष्ट्रपति **गाय परमेलिन**ले आफ्नो नयाँ वर्षको सम्बोधन स्थगित गर्नुहुदै पीडित र उनीहरूका परिवारप्रति समवेदना व्यक्त गर्नुभएका छन्।

**ईरान - विरोध प्रदर्शन**

इरानमा जारी विरोध प्रदर्शनमा कैयौँ व्यक्तिको मृत्यु भएको छ। मुद्रास्फीतिका कारण विरोध प्रदर्शन सुरु भएपछि इरानको आर्थिक अवस्था बिग्रिएको छ। पछिल्लो तीन वर्षमा देशमा भएको यो सबैभन्दा ठूलो विरोध प्रदर्शन हो। इरानी मिडिया र मानवअधिकार समूहहरूले पश्चिमी शहर लर्डेगन र मध्य प्रान्त इस्फाहानसहित धेरै स्थानमा प्रदर्शनकारी र सुरक्षा बलबीच हिजो भएको झडपमा धेरैको मृत्यु भएको पुष्टि गरेका छन्। आइतबारदेखि सुरु भएको प्रदर्शनमा तीव्र वृद्धि भएको छ, जब दोकानदरहरू सरकारले

मुद्रा संकट र तीव्र रूपमा बढ्दो उपभोक्ता मूल्यलाई सम्बोधन गरेको विरोधमा सडकमा उत्रिएका थिए। अर्ध-सरकारी **फ़ार्स समाचार एजेंसी** ले लोर्डगानमा सुरक्षा बल र प्रदर्शनकारीहरूबीच झडपमा दुई व्यक्तिको मृत्यु भएको जनाएको छ।

**मौसम**

मौसम विभागले आज दिल्ली, पञ्जाब, हरियाणा, चण्डीगढ, उडिसा र राजस्थानका लागि ओरेन्ज अलर्ट जारी गरेको छ । भारतीय मौसम विभागले जम्मू-कश्मीर, लद्दाख, हिमाचल प्रदेश र उत्तराखण्डमा हिउँ पर्ने पूर्वानुमान गरेको छ। यसको साथै उत्तर प्रदेश, बिहार, पश्चिम बंगाल, सिक्किम र उत्तरपूर्वी राज्यका केही भागमा बाक्लो कुहिरो लाग्ने सम्भावना रहेको छ। साथै बिभागले तमिलनाडु, पुडुचेरी र कराइकलमा चट्याङसहित मेघगर्जनसहित वर्षाको पूर्वानुमान गरेको छ।